बरेङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०७९/०८०
चलानी नं.:

मिति : २०८०/०३/२१

## प्रेस विज्ञप्ति

चालु आर्थिक वर्ष २०७९।०८० मा संघीय सरकार समपूरक अनुदानतर्फ कार्यान्वयनको चरणमा रहेको नयाँबजार सल्यान सुखौरा सडक योजनाका बारेमा विभिन्न सामाजिक सञ्जालहरूमा प्रकाशित सामग्रीहरूप्रति यस गाउँपालिकाको ध्यानाकर्षण भएको छ । निर्माणाधीन अवस्थामा रहेको योजनाको बारेमा प्राविधिक सत्य तथ्य नबुझी र सम्बन्धित कार्यालयसँग यथार्थ सूचना नलिइ गरिएको टिकाटिप्पणीले नागरिकहरूमा भ्रम र स्थानीय सरकारप्रति नकारात्मक धारणा सिर्जना हुने अवस्थालाई मध्यनजर गर्दै यस सम्बन्धमा उठेका विभिन्न विषयवस्तुहरूका सम्बन्धमा तपसिल बमोजिम यथार्थ सूचना प्रदान गरिएको व्यहोरा सूचित गरिन्छ । साथै गाउँपालिकाद्वारा सञ्चालित विकास योजना, सार्वजनिक सेवा प्रवाह लगायत जनसरोकारका विषयहरूमा यहाँहरूको रचनात्मक सल्लाह सुझावहरूलाई सदैव स्वागत गर्दै आत्मसात गरिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

तपसिलः

| क्र.सं | उठेका विषयवस्तुहरू | यथार्थता | कैफियत |
|---|---|---|---|
| १ | सडकको छेउमा निर्माण गरिएको वाल (Confidence Wall) जग र रड बिना निर्माण गरिएको र कमजोर | गाउँपालिकाको प्राविधिक ल.इ. मा जग र फलामे डण्डीसहितको वाल र वालहरूको बीचमा समेत जि.आइ. पाइप राख्नु पर्ने उल्लेख । | हाल निर्माण गरिएको वाललाई भत्काएर जमिन मुनिबाट जग र रडसहित दुई वालहरूको बीचमा G.I. पाइप समेत राखी निर्माण गर्ने अन्यथा हालको वालको भुक्तानी नदिने निर्देशन दिइएको । |
| २ | सोलिङ नगरी माटो माथि बिना रड ढलान गरिएको | हाल ढलान गरिएको भाग चट्टान कटान गरिएको पक्की स्थल भएकाले थप सोलिङ गर्न नपर्ने, पक्की जमिनमाथि लेवल गरी सो माथि १२ एम.एम.को फलामे डण्डीमा आवश्यक चियर (ढुंगाको) सहित २० से.मि. ढलान गरिएको | |
| ३ | जनप्रतिनिधि र कर्मचारीहरूबाट अनुगमन नभएको | विभिन्न मितिहरूमा गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा प्राविधिकहरू सहितको टोलीबाट अनुगमन गरी सुझाव तथा निर्देशन दिइएको | |

तुफान पुन
प्रवक्ता

E-mail: info@barengmun.gov.np, Web: www.barengmun.gov.np